मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा, नेपाल

## मिति २०७९ साल साउन ५ गते बसेको सचिव बैठकको निर्णयहरू:-

१. मिति २०७९।०३।०८ गतेको सचिव बैठकका निर्णयहरूको मन्त्रालयगत रूपमा कार्यान्वयन अवस्थाको प्रगति समीक्षा गरियो।

२. मन्त्रालय/निकायहरूको गत आ.व. मा स्वीकृत वार्षिक विकास कार्यक्रमको वार्षिक प्रगति संक्षिप्त रुपमा प्रस्तुती भयो।

३. मन्त्रालयले मातहत निकायको चालु आ.व. २०७९।०८० को वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना साउन महिनाभित्रै तयार गर्ने/गराउने र प्रदेश अनुगमन प्रणालीमा प्रविष्ट गर्ने।

४. मन्त्रालय/निकायले मुख्यमुख्य आफ्ना कार्यक्रमहरु प्रदेश अनुगमन प्रणालीमा प्रविष्ट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी गराउने।

५. मन्त्रालय/निकायले वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्दा नयाँ कार्यविधि निर्माण गर्नुपर्ने भएमा वा परिमार्जन गर्नुपर्ने भएमा साउन महिनाभित्रै सम्पन्न गरिसक्ने।

६. मन्त्रालय/निकायले कार्य सम्पादन गर्दा म.ले.प. को प्रतिवेदनले औंल्याएका विषयवस्तुहरुमा ध्यान दिने।

७. मन्त्रालय/निकायले अबण्डामा रहेको बजेट रकमलाई कानूनमा निर्धारण गरिएको समयावधिभित्रै बाँडफाँट गरिसक्ने।

८. ऐन तर्जुमा भइसकेका तर सो को कार्यान्वयनका लागि आवश्यक नियमावली तर्जुमा गर्ने सम्बन्धी कार्ययोजना तयार गर्न बाँकी रहेका मन्त्रालयहरूले ७ (सात) दिनभित्र कार्ययोजना तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

९. भौतिक, पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव श्री गणेशराज वस्तीलाई हार्दिक स्वागत गरी सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्ने।

प्रमुख सचिव